# कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७६।०८।०२

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९६ ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताको परामर्शमा नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली २०७५ भदौ १ गते देखी प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "फौजदारी मुद्दा" भन्नाले संहिताको अनुसूची-१ र २ मा उल्लिखित कसूर सम्बन्धी मुद्दा सम्झनु पर्छ ।

(ग) "सरकारी वकील कार्यालय' भन्नाले महान्यायाधिवक्ताको कार्यालय तथा सो मातहत रहेका उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय सम्झनु पर्छ ।

३. **ढाँचामा नभए पनि दर्ता गर्नु पर्नेः** (१) संहिताको दफा ४ को उपदफा (१) वा (७) बमोजिम पर्न आएको जाहेरी दरखास्त संहिताको अनुसूची–५ बमोजिमको ढाँचामा नभए पनि सम्बन्धित कार्यालय वा अधिकारीले बुझी लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्तको सम्बन्धमा अन्य कुनै आवश्यक कुरा खुलाउन पर्ने देखिएमा सम्बन्धित कार्यालयले जाहेरी दरखास्त वा सूचना दिने व्यक्ति समक्ष कर्मचारी पठाइ वा निजलाई कार्यालयमा झिकाइ आवश्यक कुराहरू खुलाउन सक्नेछ।

४. **सनाखत गराउनु पर्ने:** (१) कुनै व्यक्तिमार्फत वा विद्युतीय माध्यम वा अन्य कुनै माध्यमबाट प्राप्त भएको जाहेरी दरखास्त वा सूचनाको विश्वसनीयतामा शंका भएमा त्यस्तो दरखास्त वा सूचना बाटोको म्यादबाहेक सात दिनभित्र सम्बन्धित व्यक्तिबाट सनाखत गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सनाखत हुन नसकेको दरखास्त वा सूचना उपर कुनै कारवाही हुने छैन ।

(३) उपनियम (२) बमोजिम कारवाही नभएका दरखास्त वा सूचनाको छुट्टै अभिलेख राख्नु पर्नेछ।

५. **दर्ता गरी लगत कट्टा गर्ने:** (१) संहिताको दफा ४ को उपदफा (१०) बमोजिम प्राप्त हुन आएको सूचना सम्बन्धित कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गरी आवश्यक कारवाहीका लागि सम्बन्धित कार्यालय वा अधिकारी समक्ष पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना सम्बन्धित कार्यालयमा पठाए पछि सम्बन्धित प्रहरी कार्यालयले आफ्नो कार्यालयमा रहेको सो सूचनाको लगत कट्टा गर्नेछ ।

६. **जिल्ला सरकारी वकील कार्यालय समक्ष उजुरी गर्न सक्ने:** (१) संहिताको दफा ५ को उपदफा (१) बमोजिम जिल्ला सरकारी वकील कार्यालयमा कुनै कसूरको जाहेरी दरखास्त वा सूचना सहितको उजुरी दर्ता गर्न आएमा सो कार्यालयले त्यस्तो उजुरीको छुट्टै अभिलेख राखी त्यस्तो उजुरीकर्तालाई दर्ताको निस्सा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको जाहेरी दरखास्त वा सूचना आवश्यक कारबाहीका लागि यथाशिघ्र सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

७. **प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी दिन सक्ने:** (१) संहिताको दफा ५ को उपदफा (४) बमोजिम प्रमुख जिल्ला अधिकारी समक्ष कसूरको सूचना सहित उजुरी दिन आएमा त्यस्तो उजुरी छुट्टै दर्ता गरी उजुरीकर्तालाई दर्ताको निस्सा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता भएको सूचना सहितको उजुरी उपर संहिताको दफा ५ को उपदफा (५) बमोजिम निर्णय गरी सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

८. **गृह मन्त्रालयमा उजुर दिन सक्ने:** (१) संहिताको दफा ५ को उपदफा (४) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम गृह मन्त्रालयमा पर्न आएको उजुरी छुट्टै दर्ता गरी उजुरीकर्तालाई दर्ताको निस्सा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता भएको सूचना सहितको उजुरी उपर संहिताको दफा ५ को उपदफा (५) बमोजिम निर्णय गरी सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

९. **<u>आवश्यक सहयोग वा मद्दत गर्नु पर्नेः</u>** (१) संहिताको दफा ६ को उपदफा (४) बमोजिम कुनै अधिकारीले कुनै कसूरको कारबाही गर्नु पर्ने भएमा निजले नजिकको कुनै निकाय, अधिकारी वा व्यक्तिसँग आवश्यक सहयोग वा मद्दत माग्न सक्नेछ ।यसरी सहयोग वा मद्दत मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित निकाय, अधिकारी वा व्यक्तिको कर्तव्य हुनेछ।

(२) संहिताको दफा ६ को उपदफा (६) बमोजिम सुराक लिन गएका बखत वा आफ्नो उपस्थितिमा कुनै कसूर भएको अवस्थामा त्यस्तो प्रहरी कर्मचारीले घटनाको सम्बन्धमा यथाशिघ्र सम्बन्धित प्रहरी कार्यालयमा खबर गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको कसूरका सम्बन्धमा कुनै व्यक्तिलाई तत्काल पक्राउ गर्नु पर्ने अवस्था भएमा संहिताको दफा ९ को उपदफा (६) बमोजिम जरुरी पक्राउ पूर्जी दिइ पक्राउ गर्नु पर्नेछ।

(४) संहिताको दफा ६ को उपदफा (७) बमोजिम कसूरसँग सम्बन्धित दसीको मालसमान वा अन्य कुनै प्रमाण वा वस्तु कब्जामा लिई मुचुल्का तयार गर्दा संहिताको अनुसूची- १३ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

१०. **<u>अनुसन्धान अधिकारी तोक्नु पर्नेः</u>** (१) संहिताको दफा ४ वा ५ बमोजिम दर्ता भएको जाहेरी दरखास्त, सूचना वा प्रतिवेदनका सम्बन्धमा अनुसन्धान गर्ने सम्बन्धित प्रहरी कार्यालयका प्रमुखले अनुसूची-२ बमोजिमको ढाँचामा अनुसन्धान अधिकारी र आवश्यकता अनुसार अन्य सहयोगी प्रहरी कर्मचारी समेत तोक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुसन्धान अधिकारी तोकिएको जानकारी सम्बन्धित सरकारी वकील कार्यालयलाई दिनु पर्नेछ।

११. **<u>खानतलासी मुचुल्का तयार गर्ने</u>** : संहिताको दफा ९ र दफा १८ को उपदफा (१) बमोजिम कुनै मुद्दाको सम्बन्धमा कुनै व्यक्तिको शरीरको खानतलासी लिनुपर्दा आवश्यकता अनुसार संहिताको दफा १८ को उपदफा (३) बमोजिम सोही संहिताको अनुसूची–१३ बमोजिमको मुचुल्का खडा गर्नु पर्नेछ।

नेपाल कानून आयोग

१२. **पक्राउ पूर्जी जारी गर्ने अनुमतिः** संहिताको दफा ९ को उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गर्नु भन्दा अगाडी सम्बन्धित कार्यालय वा अनुसन्धान अधिकारीले अनुसूची-३ बमोजिमको ढाँचामा मुद्दा हर्ने अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

१३. **प्रहरी कार्यालयमा बुझाउनेः** (१) संहिताको दफा ९ को उपदफा (८) मा उल्लेखित कसूर गर्ने व्यक्तिलाई कसूर गर्दाका बखत उपस्थित भएको वा कसूर भएको देख्ने व्यक्तिले त्यस्तो कसूर गर्ने व्यक्तिलाई भाग्न उम्कन नदिई अनुसूची -४ बमोजिमको ढाँचाको निवेदन सहित नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कसूर गर्ने व्यक्तिलाई भाग्न उम्कन नदिई प्रहरी कार्यालयमा बुझाउने क्रममा कसूर गर्दाका बखत उपस्थित भएको वा कसूर भएको देख्ने व्यक्तिले अन्य व्यक्तिबाट आवश्यक सहयोग लिन सक्नेछ।

१४. **शारीरीक जाँच गर्ने**ः संहिताको अनुसूची-१ मा उल्लेखित कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई हिरासतमा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा त्यस्तो चिकित्सक उपलव्ध हुन नसकेमा मान्यताप्राप्त स्वास्थ्यकर्मीबाट निजको शारीरिक स्थितिको जाँच गराई सो को अभिलेख राख्नु पर्नेछ।

१५. **प्रारम्भिक अनुसन्धान प्रतिवेदनको ढाँचाः** संहिताको दफा १० को उपदफा (२) बमोजिम सरकारी वकील कार्यालयमा प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउँदा अनुसूची–५ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ।

१६. **भ्रमपूर्ण, झुट्टा वा काल्पनिक सूचना तामेलीमा राख्ने** : (१) संहिताको दफा ११ को उपदफा (१) बमोजिम कुनै कसूरका सम्बन्धमा प्राप्त जाहेरी दरखास्त वा सूचना भ्रमपूर्ण, झुट्टा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा संहिताको अनुसूची-१ अन्तर्गतका कसूरको हकमा सम्बन्धित प्रहरी कार्यालय र अनुसूची-२ अन्तर्गतका कसूरको हकमा सम्बन्धित कार्यालयले सोही कुरा खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा अनुसूची-६ बमोजिमको ढाँचामा प्रतिवेदन पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनको अध्ययन गर्दा वारदातको सम्बन्धमा तत्काल अनुसन्धान गर्न मनासिव नदेखिएमा सम्बन्धित सरकारी वकीलले त्यसको आधार र कारण खोलि पछी थप प्रमाण प्राप्त भएका वखत पुनः अनुसन्धान गर्न सकिने गरी तामेलीमा राख्ने निर्णय गर्नु पर्नेछ ।

तर प्राप्त प्रतिवेदनको अध्ययन गर्दा तामेलीमा राख्न उपयुक्त नदेखिएमा त्यसको कारण खुलाई थप अनुसन्धान गर्न सम्बन्धित अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम तत्काल अनुसन्धान गर्न मनासिव नदेखि तामेलीमा राख्ने गरी निर्णय भएकोमा सम्बन्धित मुद्दाको हदम्याद भित्र थप प्रमाण प्राप्त नभएमा सो निर्णय स्वतः अन्तिम हुनेछ ।

१७. **घटनास्थल मुचुल्का तयार गर्नेः** कुनै कसूरको अनुसन्धानको क्रममा घटनास्थल मुचुल्का खडा गर्दा लाश जाँच मुचुल्काको हकमा संहिताको अनुसूची-१४ र सो बाहेकका अन्य अवस्थाको हकमा यस नियमको अनुसूची–७ बमोजिमको ढाँचामा घटनास्थल मुचुल्का खडा गर्नु पर्नेछ ।

१८. **विशेष टोलीले प्रतिवेदन पेश गर्नेः** (१) संहिताको दफा १२ को उपदफा (१) र (२) बमोजिम गठित अनुसन्धान विशेष टोलीले अनुसन्धान सम्पन्न गरी सो दफाको उपदफा (५) बमोजिमको प्रतिवेदन सरकारी वकील कार्यालयमा पेश गर्दा संहिताको अनुसूची– १९ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको प्रतिवेदनको जानकारी प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय वा अधिकारीलाई समेत दिनु पर्नेछ।

१९. **पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्न अनुमति माग्नेः** संहिताको दफा १४ को उपदफा (३) बमोजिम अनुसन्धान अधिकारीबाट म्याद थपको लागि पेश हुन आएको मिसिल सहितको निवेदनमा उल्लेखित आधार र कारण मनासिव देखिएमा सम्बन्धित सरकारी वकीलले मुद्दा हेर्ने अधिकारी समक्ष म्याद थपका लागि अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

तर त्यसरी पेश भएको मिसिल अध्ययन गर्दा म्याद थप गर्नु पर्ने स्पष्ट आधार र कारण नदेखिएमा सम्बन्धित सरकारी वकीलले संहिताको दफा १५ बमोजिम धरौट वा जमानत लिई वा कुनै माथवर व्यक्तिको जिम्मामा छाडन वा तारेखमा राख्नको लागि सम्बन्धित अनुसन्धान अधिकारीलाइ लेखी पठाउन सक्नेछ ।

२०. **हिरासतमा रहेको व्यक्तिलाई अनुसन्धान अधिकारीले छाडन सक्नेः** (१) संहिताको दफा १५ को उपदफा (१) बमोजिम अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखी रहन आवश्यक वा उपयुक्त नदेखिएमा वा निजको विरुद्धमा तत्काल

बस्तुनिष्ठ सबुत प्रमाण नभएमा वा नदेखिएमा धरौट वा जमानत लिई वा कुनै माथवर व्यक्तिको जिम्मा जमानीमा छाडनु पर्ने भएमा सम्बन्धित अनुसन्धान अधिकारीले अनुसूची-९ बमोजिमको ढाँचामा आफ्नो राय वा निर्णय सहित मिसिल कागजात सहित सहमतिको लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त मिसिल अध्ययन गर्दा त्यस्तो व्यक्तिलाइ हिरासतमा राखिरहन आवश्यक नदेखेमा हिरासतमा रहेको त्यस्तो व्यक्तिलाइ हिरासतबाट छोड्न सम्बन्धित सरकारी वकीलले सहमति दिनेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएको मिसिल अध्ययन गर्दा मुद्दाको गाम्भिर्यता तथा संकलित प्रमाणलाई बिचार गरी त्यसरी छाड्न उपयुक्त नदेखिएमा त्यसको कारण खुलाई सम्बन्धित सरकारी वकीलले सहमति नदिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिम सहमतिको लागि सम्बन्धित सरकारी वकील कार्यालयमा तत्काल पठाउन नसकिने अवस्था भएमा अनुसन्धान अधिकारीले कारण सहितको पर्चा खडा गरी सरकारी वकीलको सहमति नलिइकन पनि त्यस्तो व्यक्तिलाई धरौट वा जमानत लिई वा कुनै माथवर व्यक्तिको जिम्मा जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम सरकारी वकीलको सहमति नलिइकन धरौट वा जमानत वा जिम्मा जमानीमा छाडने वा तारेखमा राख्ने गरी निर्णय भएकोमा सो निर्णयको जानकारी यथाशिघ्र सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

२१. **<u>धरौटी, जमानत, हाजिर जमानी वा तारेखमा छोड्दाको प्रक्रियाः</u>** (१) संहिता बमोजिम अनुसन्धनको सिलसिलामा हिरासतमा रहेको व्यक्तिलाई संहिताको दफा १५ को उपदफा (१) तथा नियम २० बमोजिम अनुसन्धान अधिकारीले हिरासतमा रहेको व्यक्तिलाई धरौट वा जमानतमा छाडदा सो सम्बन्धमा निर्णय गरी नगद वा बैंक ग्यारेन्टी लिनु पर्नेछ। नगद वा बैंक ग्यारेन्टी दिन नसक्ने भएमा सम्बन्धित मालपोत कार्यालयले मूल्यांकन गरे अनुसारको जेथा जमानत लिनु पर्नेछ। बैंक ग्यारेन्टी दिएकोमा त्यस्तो बैंक ग्यारेन्टी असिमित अवधिको हुनु पर्नेछ ।

(२) संहिताको दफा १५ को उपदफा (१) बमोजिमको अवस्थामा अनुसन्धान अधिकारीले देहायको कुरा विचार गरी अनुसन्धानको क्रममा हिरासतमा रहेको व्यक्तिसँग धरौट वा जमानत वा बैंक ग्यारेण्टीको रकम तोक्नु पर्छ :-

(क) कसूरको प्रकृति र गम्भीरता,

(ख) अभियुक्त तथा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,

(ग) अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,

(घ) निज पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,

(ङ) निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,

(च) निजलाई हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति,

(छ) कसूरबाट पीडितलाई पुगेको क्षति,

(ज) कसूरबाट सृजित परिणाम,

(झ) कसूरमा साबिती भए वा नभएको,

(ञ) असहाय वा अशक्त व्यक्ति वा गर्भवती वा स्तनपान गराउने शिशु भएकी महिला भए नभएको ।

(३) यस नियम बमोजिम कुनै व्यक्तिबाट धरौट, जमानत वा बैंक ग्यारेण्टी लिँदा अनुसूची-१० बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्रतिबादिले नगद रकम दाखिल गर्न ल्याएमा सो रकम सम्बन्धित कार्यालयले धरौटी खातामा जम्मा गरी त्यसको प्रमाण मिसिल सामेल राख्नु पर्नेछ । अदालतबाट थुनछेकको क्रममा अनुसन्धान अधिकारीले लिएको धरौटी नै कायम गरेमा त्यसरी कायम गरेको रकम बाहेक बाँकी धरौटी सम्बन्धित अनुसन्धान अधिकारीले सम्बन्धित व्यक्तिलाई तत्काल फिर्ता गरिदिनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम धरौट, जमानत वा बैंक ग्यारेन्टी लिई अनुसन्धानमा रहेको व्यक्ति अनुसन्धान अधिकारीले खोजेका बखत उपस्थित नभइ फरार भएमा निजले राखेको त्यस्तो धरौट, जमानत वा बैंक ग्यारेन्टी बापतको रकम जफत हुनेछ ।

तर काबूबाहिरको परिस्थिति परी उपस्थित हुन नसकेको भनी मुद्दा दायर गर्ने हदम्याद भित्रै एकै पटक वा बढीमा दुई पटकसम्म कारण जनाइ निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा पन्ध्र दिनसम्म उपस्थित नभए पनि निजले राखेको त्यस्तो धरौट, जमानत वा बैंक ग्यारेन्टी बापतको रकम जफत हुने छैन ।

(६) उपनियम (१) बमोजिम नगद, बैंक ग्यारेन्टी वा जमानत नदिने व्यक्तिलाई अनुसन्धान अधिकारीले थुनामा नै राख्नेछ ।

(७) थुनामा राखिएको व्यक्तिलाई यस नियम बमोजिम नगद, बैंक ग्यारेन्टी वा जमानत लिई वा कसैको जिम्मा जमानीमा छाडी अनुसन्धान अधिकारीले तारिखमा राखी वा आवश्यकता भएको बखतमा उपस्थित हुने गरी अनुसन्धान गर्न सक्नेछ ।

(८) संहिताको दफा १५ को उपदफा (४) बमोजिम अनुसन्धान अधिकारीले जमानी दिने व्यक्तिलाई जरिवाना गरी असूल गरेको रकम नेपाल सरकारको खातामा जम्मा गर्नु पर्नेछ ।

२२. **श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यामबाट संकलित प्रमाणको अभिलेखिकरण गर्ने** : (१) संहिताको दफा १६ को उपदफा (६) बमोजिम शारीरिक अस्वस्थताका कारणले वा सुरक्षाका कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थीत हुन नसक्ने अवस्थाको व्यक्तिसँग श्रव्य–दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट लिएको बयान वा गरिएको सोधपुछ वा संहिताको दफा १८४ बमोजिम लिइएको बयान, कागज वा कुनै लिखत पछि सुन्न, हेर्न वा पढ्न सक्ने गरी पेनड्राइभ, सि.डि. जस्ता कुनै विद्युतीय वस्तु वा उपकरमा रेकर्ड गरी राख्नु पर्नेछ ।

(२) संहिताको दफा १६ को उपदफा (१) बमोजिम कुनै जघन्य वा गम्भीर प्रकृतिका कसूरका सम्बन्धमा अभियुक्तको वयान लिएकोमा सो को लेखबद्ध अभिलेखको अतिरिक्त श्रव्य-दृश्यको संवाद पनि सुरक्षित राख्न आवश्यक र मनासिव छ भन्ने अनुसन्धान अधिकारीलाई लागेमा सरकारी वकील समक्ष गरेको अभियुक्तको वयानलाई श्रव्य-दृश्यको साधनमा अभिलेखबद्ध गर्न, गराउन सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम राखिएको रेकर्ड सम्बन्धित अधिकारीले प्रमाणित गरी कसैले तोडमोड वा फेरवदल (ट्याम्परिङ्ग) गर्न नसक्ने व्यवस्था मिलाइ सुरक्षितसाथ राख्नु पर्नेछ।

२३. **शव परीक्षण गर्न लाग्ने खर्च दिनु पर्नेः** (१) संहिताको दफा २० को उपदफा (३) बमोजिम शव परीक्षणको लागि शव पठाउँदा सम्बन्धित प्रहरी कर्मचारी वा प्रहरी कार्यालयले शवको शरीरिक अवस्था, घटनास्थलदेखि शव परीक्षण गरिने स्थानको दुरी आदिको विचार गरी शव बोक्न लाग्ने मनासिब माफिकको रकम र शव परीक्षण वापत कुनै दस्तुर लाग्ने रहेछ भने सो रकम समेत त्यस्तो शव लिई जाने प्रहरी कर्मचारीलाइ पेश्की स्वरुप दिइ पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम प्रहरी कर्मचारीले खटी जाने कर्मचारी वा आफैले खर्च गरेको रहेछ भने त्यस्तो खर्च भएको रकम सम्बन्धित प्रहरी कार्यालयबाट निजले सोधभर्ना पाउनेछ।

२४. **भौतिक प्रमाण परीक्षण:** (१) संहिताको दफा २१ बमोजिम कुनै व्यक्तिको शरीरको जाँच गर्ने चिकित्सक वा प्रयोगशालाले देहाय बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा तुरुन्त प्रतिवेदन पठाउनु पर्नेछ :-

(क) यौनजन्य कसूरमा शारीरिक जाँच गरेकोमा महिलाको भए अनुसूची–११ र पुरुषको भए अनुसूची–१२ बमोजिमको ढाँचामा,

(ख) उमेर जाँच गरेकोमा अनुसूची– १३ बमोजिमको ढाँचामा,

(ग) मादक पदार्थ सेवन सम्बन्धी जाँच गरेकोमा अनुसूची–१४ बमोजिमको ढाँचामा ।

(२) अनुसन्धानको सिलसिलामा वैज्ञानिक वा डि.एन.ए. परीक्षणबाट कसूरसँग महत्वपूर्ण प्रमाण उपलब्ध हुन सक्छ भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अनुसन्धान अधिकारीले त्यस्तो परीक्षण गर्न सम्बन्धित निकायमा पठाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम डि.एन.ए. परीक्षणका लागि पठाउनु अघि अनुसन्धान अधिकारीले डि.एन.ए. नमूनादाताको अनुसूची– १५ बमाजिमको ढाँचामा मन्जुरनामा लिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम वैज्ञानिक वा डि.एन.ए. परीक्षणका लागि पठाइएकोमा त्यस्तो परीक्षण गर्ने चिकित्सक वा प्रयोगशालाले वैज्ञानिक परीक्षण गरेकोमा अनुसूची– १६ र डि.एन.ए. परीक्षण गरेकोमा अनुसूची–१७ बमोजिमको ढाँचामा परीक्षण प्रतिवेदन सम्बन्धित प्रहरी कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ।

२५. **पक्राउ नगरी वा हिरासतमा नराखी अनुसन्धान गर्नु पर्ने** : (१) कसुरसँग सम्बन्धित कुनै व्यक्तिलाई पक्राउ गर्न पर्ने मनासिव आधार नदेखिएको अवस्थामा अनुसन्धान अधिकारीले पक्राउ नगरी अनुसन्धान गर्नु पर्नेछ ।

(२) कैदको सजाय नहुने कुनै कसूरको अनुसन्धान गर्नु पर्दा सोसँग सम्बन्धित व्यक्तिलाई हिरासतमा नराखी अनुसन्धान गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम हिरासतमा नराखि अनुसन्धान गर्नु पर्दा आवश्यकता अनुसार त्यस्तो व्यक्तिसँग धरौट, जमानत वा कुनै माथवर व्यक्तिको जिम्मा जमानीमा छाडन सकिनेछ।

२६. **सरकारी वकील मार्फत अदालतमा उपस्थित गराउनेः** अदालतमा दायर भैसकेको मुद्दासँग सम्बन्धित व्यक्ति पक्राउ भै वा आफै उपस्थित भै प्रहरी कार्यालयमा हाजिर हुन आएमा त्यस्तो व्यक्तिलाइ प्रहरीले यथाशिघ्र सम्बन्धित सरकारी वकील मार्फत अदालतमा उपस्थित गराउनु पर्नेछ ।

२७. **दशी सनाखत गराउनेः** संहिताको दफा २४ को उपदफा (५) बमोजिम कुनै मुद्दासँग सम्बन्धित दशी वा चीज वस्तु सनाखत गराउनु पर्दा सनाखत गराउनु पर्ने सम्बन्धित व्यक्तिलाई त्यस्तो दसी वा चीज वस्तु देखाई अनुसूची–१८ बमोजिमको ढाँचामा सनाखत गराउन पर्नेछ ।

२८. **मुद्दा हेर्ने अधिकारी समक्ष सूचनाको प्रति पठाउनु पर्ने :** संहिताको दफा २८ को उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीबाट प्राप्त भएको जाहेरी दरखास्त वा सूचनाको प्रति सरकारी वकील कार्यालयमा अभिलेख राखी मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने छ ।

२९. **शुत्र परिचालन गर्न सक्नेः** (१) जघन्य वा गम्भीर प्रकृतीका अपराध अनुसन्धानका लागि आवश्यकता अनुसार प्रमाण संकलन गर्न र शंकितलाई पक्राउ गर्ने प्रयोजनका लागि अनुसन्धान अधिकारीले सम्बन्धित कार्यालयको प्रमुखलाई प्रतिवेदन गरी शुत्र परिचालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम शुत्र परिचालन भएकोमा त्यसको अभिलेख गोप्य रुपमा राख्नु पर्नेछ। मुद्दा सुनुवाईको क्रममा शुत्र परिचालन सम्बन्धमा कुनै बिवाद उठेमा सम्बन्धित मुद्दा हेर्ने अधिकारीले मात्र त्यस्तो शुत्र परिचालन सम्बन्धी अभिलेख हेरी तत्कालै सम्बन्धित निकायमा फिर्ता पठाउनु पर्नेछ।

(३) सरकारी वकीलले अभियोजन, बहस पैरवी एवं प्रतिरक्षाको क्रममा आवश्यकता अनुसार शुत्र परिचालन सम्बन्धी जानकारी लिन सक्नेछ र त्यसको जानकारी उपलव्ध गराउनु सम्बन्धित कार्यालय र अधिकारीको कर्तव्य हुनेछ।

(४) उपनियम (१) बमोजिम प्रयोग भएको शुत्र सम्बन्धी अभिलेख सो शुत्र प्रयोग गर्ने कार्यालय बाहेक अन्यत्र कुनै पनि अड्डा अदालत वा निकायमा राखिने छैन।

नेपाल कानून आयोग

३०. **<u>साक्षी उपस्थित गराउन नसक्ने भएमा मुचुल्का तयार गर्नु पर्नेः</u>** (१) संहिताको दफा १०१ बमोजिम अदालतको आदेश अनुसार प्रहरीले सरकारी पक्षको साक्षी गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको कारण खोली अनुसूची-१९ बमोजिमको ढाँचामा मुचुल्का तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको मुचुल्का समेत संलग्न गरी सम्बन्धित सरकारी वकीलले पुनः साक्षी गवाह उपस्थित गराउनको लागि अनुरोध गरेमा अदालतले पुनः साक्षी गवाह उपस्थित गराउने आदेश दिन सक्नेछ।

३१. **<u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः</u>** (१) नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरी यस नियमको अनुसूचीमा आवश्यकतानुसार हेरफेर तथा थपघट गर्न सक्नेछ र त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

३२. **<u>खारेजी र बचाउः</u>** (१) सरकारी मुद्दा सम्बन्धी नियमावली,, २०५५ खारेज गरिएको छ ।

(२) सरकारी मुद्दा सम्बन्धी नियमावली,, २०५५ बमोजिम भए गरेका काम कारबाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग

# अनुसूची–१

(नियम ५ सँग सम्बन्धित)

**सुचना दर्ता किताबको ढाँचा**

**संहिताको अनुसूची-२ मा उल्लेखित कसूरको दर्ता किताब**

नेपाल सरकार

**गृह मन्त्रालय**

प्रदेश नं........

श्री ..............................................प्रहरी कार्यालय,

अपराध अनुसन्धान शाखा

| द.नं. | जाहेरी/सूचना प्राप्त मिति र समय | सूचना प्राप्तिको श्रोत/ माध्यम | जाहेरवाला /सूचनाकर्ताको नाम थर | अपराधको किसिम | घटनाको मिति, समय र स्थान | पिडितको नाम थर, वतन, उमेर, लिङ्ग, पेशा | अभियुक्त वा शंकास्पद व्यक्तिको नाम थर, हुलिया | घटनाको छोटकरी विवरण | कसूरबाट हुन पुगेको क्षतिको विवरण | भौतिक सबुत प्रमाण | क्षेत्राधिकार भएको कार्यालयको विवरण | सम्बन्धित प्रहरी कार्यालयबाट भएको कारवाही विवरण | जाहेरी/सूचनाको दर्ता | प्रमाणको सुरक्षा र संरक्षण | सम्बन्धित कार्यलयमा सो सूचना/ जाहेरी थप कारवाहीको लागि पठाईको मिति, पत्र संख्या, च.नं. | पठाईको माध्यम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | |

फाँटवालाको नाम थरः-

दस्तखतः-

दर्जाः-

मितिः-

प्रहरी अधिकृतको नाम थरः-

दस्तखतः-

दर्जाः-

मितिः-

**अनुसूची–२**

(नियम १० सँग सम्बन्धित)

**<u>अनुसन्धान अधिकृत तोकिएको पत्रको ढाँचा</u>**

नेपाल सरकार

**गृह मन्त्रालय**

**श्री .........प्रहरी कार्यालय ..............**

(अपराध अनुसन्धान शाखा)

च.नं........

प्रदेश नं ............

मिति:- ..............

**विषयः- अनुसन्धान अधिकृत तोकिएको ।**

प्र. ............ श्री ..............................

.... ... .. प्रहरी कार्यालय .................।

उपरोक्त विषयमा........................................................................ को जाहेरीले वादी नेपाल सरकार, प्रतिवादी ................................. भएको ...................... मुद्दाको अनुसन्धानका लागि संहिताको दफा ८ को उपदफा (१) बमोजिम अनुसन्धान अधिकृत तोकिएको छ । अनुसन्धान तहकिकातका सम्पूर्ण प्रक्रिया पूरा गरी संहिताको दफा ३१ को उपदफा (१) बमोजिम श्री जिल्ला सरकारी वकील कार्यालय ................ मा संहिताको अनुसूची-१९ बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन पेश गर्नुहोला । उक्त मुद्दा अनुसन्धानको लागि देहायका कर्मचारीलाई समेत खटाईएको छ । अनुसन्धान प्रक्रिया कानून बमोजिम त्रुटिरहीत तवरले सम्पन्न गर्न हुन अनुरोध छ ।

उक्त मुद्दाको अनुसन्धान प्रगति विवरण कार्यालय प्रमुख समक्ष प्रतिबेदन गर्न हुन र विदा, काज रहनु परेमा वा सरुवा, बढुवा भई अन्यत्र पदस्थापन भएमा अनुसन्धान कार्यको प्रगति विवरण तथा थप अनुसन्धान हुन, गर्न बाँकी कार्य विवरण समेत स्पष्ट रुपमा मिसिल साथ राखी जिम्मेवार अधिकृतलाई मिसिल रितपूर्वक बुझाउनहुन समेत निर्देशन गरिएको छ ।

नेपाल कानून आयोग

अन्य प्रहरी कर्मचारी :-

दर्जा .......... नाम थर ... ... ... ... ... कार्यरत कार्यालय ... ... ... ... ...

दर्जा .......... नाम थर ... ... ... ... ... कार्यरत कार्यालय ... ... ... ... ...

दर्जा .......... नाम थर ... ... ... ... ... कार्यरत कार्यालय ... ... ... ... ...

........................

(कार्यालय प्रमुख)

नेपाल कानून आयोग

**अनुसूची– ३**

(नियम १२ सँग सम्बन्धित)

**<u>पक्राउ अनुमतिपत्रको ढाँचा</u>**

नेपाल सरकार

**गृह मन्त्रालय**

**श्री .........प्रहरी कार्यालय ..............**

(अपराध अनुसन्धान शाखा)

च.नं........ प्रदेश नं......

मितिः-..............

**विषयः- पक्राउ अनुमति सम्बन्धमा ।**

श्री ..........................जिल्ला अदालत,

...................................................... ।

उपरोक्त विषयमा...........................को जाहेरी / सूचना/ प्रहरी प्रतिवेदनले ...................... मुद्दाको अनुसन्धानको सिलसिलामा देहायको परिचय, वतन खुलेका व्यक्तिलाई तत्काले प्रहरी नियन्त्रणमा लिई अनुसन्धान गर्नुपर्ने र तत्काल निजलाई पक्राउ नगरे मुद्दा सँग सम्बद्ध प्रमाणहरु लोप, नाश गर्न सक्ने र निज समेत भागी जाने सम्भावना देखिएकोले देहाय बमोजिमको परिचय खुलेका व्यक्तिलाई पक्राउ गर्ने अनुमति पाउन अनुरोध गरिएको छ ।

**<u>देहाय</u>**

नाम थर............................ उमेरः......... उपनाम........................

वावुको नाम ............................ पेशाः........ स्थायी वतन.................

अस्थायी वतन........................ प्रयोग गर्ने सवारी साधन नं.........

सम्पर्क नं.............................. हुलिया................................

उपलब्ध भए सम्म परिचय खुल्ने विवरण *(नागरिकता प्रमाणपत्र नं./ सवारी चालक अनुमति पत्र नं./ राष्ट्रिय परिचय पत्र नं./ राहदानी नं)* :-

........................

(अनुसन्धान अधिकृत)

नाम थरः .........



नेपाल कानून आयोग

दर्जाः ............

**श्री .. .. .. .. जिल्ला अदालतबाट जारी गरिएको पक्राउ अनुमति ।**

यसमा तहां कार्यालयको च.नं. ......... मिति.................. गतेको पत्रमा उल्लिखित व्यक्तिलाई पक्राउ गरी थप अनुसन्धान गर्नुपर्ने आधार, कारण मनासिव देखिएकोले संहिताको को दफा ९ को उपदफा (३) बमोजिम निजलाई पक्राउ गर्ने अनुमति दिइएको व्यहोरा अनुरोध छ ।

........................
मुद्दा हेर्ने अधिकारी
पदः-
नाम थरः-
मितिः-.........

नेपाल कानून आयोग

# अनुसूची– ४

(नियम १३ सँग सम्बन्धित)

**कसूर गर्ने व्यक्ति प्रहरी कार्यालयमा दाखिला प्रतिवेदनको ढाँचा**

श्री .........................प्रहरी कार्यालय ... ... ... मा चढाएको

**प्रतिवेदन**

**विषयः मानिस दाखिला गरेको सम्बन्धमा ।**

उपरोक्त विषयमा मिति .......................गते ................ बजेको समयमा जिल्ला..........महा/उप/ नगरपालिका/ गाँउपालिका वडा नं .... को ........... स्थान/ घर/ सवारी साधन वा अन्य ठाँउमा हाल परिचय खुल्न आएका निम्न व्यक्ति/व्यक्तिहरु ... ... ... ... वारदात/ घटना /दुर्घटनामा संलग्न रहे, भएको देखि, भेटी सो घटनास्थलमा तत्काल प्रहरीको उपस्थिती नदेखिएकोले निज/ निजहरुलाई भाग्न उम्कन नदिई संहिताको दफा ९ को उपदफा (८) बमोजिम नियन्त्रणमा लिई नजिकको यस प्रहरी कार्यालयमा दाखिला गरेको छु/ छौ । निज उपर कानुन बमोजिम गरिपाँउ ।

**नियन्त्रणमा लिईएका व्यक्तिको विवरणः-**

१. नाम .......................... थरः ................................

वतनः.......................... उमेरः..................................

पिताको नाम ..............................................

दसी वरामद भए सो को विवरण ........................

शारीरिक अवस्था :—

घाउ.......... चोट............... निलडाम................. अन्यः.............

२. नामः........................... थरः..............................

वतनः............................ उमेरः..................................

पिताको नामः...............................................



नेपाल कानून आयोग

दसी वरामद भए सो को विवरण .............................................

शारीरिक अवस्थाः-

घाउ........ चोट................ निलडाम.................... अन्यः........................

**प्रतिवेदक**

नाम थरः-...........................वतनः-.........................................

सम्पर्क नंः-...................................

नागरिकता प्रमाणपत्र नं./सवारी चालक अनुमति पत्र नं./ राष्ट्रिय परिचय पत्र नं./ ....

ईमेल :.................................... पेशाः-.........................................

कार्यालयको नाम ठेगाना..................................

मितिः ........... समयः .......

**लेखिए बमोजिमको व्यक्तिलाई बुझ्ने**

प्रहरी कर्मचारीको विवरणः-

दर्जाः- मौसमः-

नाम थरः-

मितिः- समयः-

दस्तखतः-

नेपाल कानून आयोग

नेपाल कानून आयोग

अनुसूची– ५

(नियम १५ सँग सम्बन्धित)

**<u>प्रारम्भिक अनुसन्धान प्रतिवेदनको ढाँचा</u>**

नेपाल सरकार

**गृह मन्त्रालय**

**श्री .........प्रहरी कार्यालय ..............**

(अपराध अनुसन्धान शाखा)

प्रदेश नं.......

च.नं........ मितिः-

..............

**विषयः- प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाईएको ।**

श्री जिल्ला सरकारी वकील कार्यालय,

...................................................... ।

उपरोक्त विषयमा..................................................................... को जाहेरीले बादी नेपाल सरकार प्रतिवादी .................................. भएको ...................... मुद्दाको जाहेरी दरखास्त संहिताको अनुसूची-७ बमोजिमको दर्ता किताबको..... नं मा............. मुद्दा शीर्षकमा दर्ता गरी तत्काल प्रारम्भिक अनुसन्धान अन्तर्गत देहायका कार्यहरु सम्पन्न भएको हुँदा दरखास्तको प्रतिलिपी यसैसाथ संलग्न राखी संहिताको दफा १० को उपदफा (२) बमोजिम प्रारम्भिक प्रतिवेदन पठाईएको छ।यस सम्बन्धमा थप अनुसन्धान कार्यका लागि संहिताको दफा १० को उपदफा (३) बमोजिम आवश्यक निर्देशन हुन अनुरोध गरिएको छ ।

<u>प्रारम्भिक चरणमा सम्पन्न अनुसन्धान कार्यहरुः-</u>

१.

२.

३.

......................

(अनुसन्धान अधिकृत)

नामथरः................

दर्जाः ..................

अनुसूची–६

(नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

**जाहेरी दरखास्त वा सूचना तामेलीमा राख्न पेश गर्ने प्रतिवदेनको ढाँचा**

श्री जिल्ला सरकारी वकील कार्यालय, **.... ...** मा पेश गरेको सूचना तामेलीमा राख्न पेश गरिएको प्रतिवेदन

मुद्दा नं**. ... ...**

१. कसूरको सूचना वा उजुरी प्राप्त भएको मितिः .........................

२. अनुसन्धान अधिकारीको नाम र दर्जाः .........................

३. सूचना दिने व्यक्तिको नाम र ठेगानाः .........................

४. जाहेरी दरखास्त वा सूचनाको छोटकरी बिवरणः .........................

५. कसूर गरेको भनिएको मिति, समय र स्थानः .........................

६. कसूरदार भनिएको व्यक्ति पक्राउ परेको भए मिति, समय र स्थानः .........................

७. कसूरदार भनिएको व्यक्तिको नाम, थर, उमेर, वतनः ..............(धेरैजना भए क्रमशः उल्लेख गर्ने)...........

८. कसूरदार भनिएको व्यक्तिको बाबु आमाको नाम, थर, र वतनः ..............

९. हालसम्म संकलन भएका प्रमाणको बिवरण;–

(क)बयान भएको भए छोटकरी बिवरणः

(ख)अन्य प्रमाणहरु :

(ग) क्रमशः उल्लेख गर्ने :

१०. तामेलीका राख्नु पर्ने रायः

(कुन कुन प्रमाणको आधारमा तामेलीमा राख्न उपयुक्त देखिएको हो भन्ने बिषयमा उल्लेख गर्ने)

अनुसन्धान अधिकृतः ....................

मितिः ...................

समयः ...................

नेपाल कानून आयोग

अनुसूची - ७

(नियम १७ सँग सम्बन्धित)

**घटनास्थल मुचुल्काको ढाँचा**

श्री .......... प्रहरी कार्यालय .....................बाट ............ (फलाना ठाउँ) खडा गरेको घटनास्थल, मूचल्का ।

१. दरखास्त वा सूचनाको छोटकरी विवरणः–

.................... ..................... .................... .................... ..................

.................... ..................... ...................... ..................... ....................

..................... ..................... .................... ...................... ....................

२ घटनास्थलको चार किल्ला सहितको विवरणः–

................... ................... .................. ..................... ........................

................... ..................... .................. ..................... ........................

................... ..................... .................. ..................... ........................

३. घटना स्थलको रेखा चित्रण (गर्न सकिन्छ भने)

४. देखे बमोजिम सही छाप गर्ने साक्षीहरूको नाम, थर, उमेर, वतन र सहीः–

................... ..................... .................... ........................ ....................

.................... ..................... ................... ....................... .....................

................... ..................... ................... ........................ .....................

५. रोहवरमा बस्नेहरूको नाम, थर, वतन र सहीः–

..................... .................... .................... ...................... ....................

..................... .................... ...................... ...................... ......................

.................... ................ ..................... ..................... ........................

नेपाल कानून आयोग

दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर, उमेर, वतन र सहीः–

अभियुक्तहरूको नाम, थर, उमेर, वतन र सहीः–

काम तामेल गर्नेः– .......................

अनुसन्धान अधिकृतः– .......................

अन्य प्रहरी कर्मचारीः– .......................

........................

मितिः–

नेपाल कानून आयोग

अनुसूची– ८

(नियम १९ सँग सम्बन्धित)

**म्याद थप पत्रको ढाँचा**

नेपाल सरकार

**गृह मन्त्रालय**

**श्री .........प्रहरी कार्यालय ...............**

(अपराध अनुसन्धान शाखा)

प्रदेश नं.......

च.नं........ मितिः-..............

**विषयः**- प्रहरी हिरासतमा राख्न .......पटक दिन...... को म्याद थप अनुमति सम्वन्धमा ।

श्री जिल्ला सरकारी वकीलको कार्यालय .................,
............................................. ।

उपरोक्त विषयमा.............................को जाहेरीले बादी नेपाल सरकार, प्रतिवादी ..................... भएको..................... मुद्दामा अनुसन्धानको क्रममा मिति ............. गते पक्राउ परेका........... .......को वयान कागज गर्न सम्पन्न भई सकेको/ बाँकी रहेको र अनुसन्धानका अन्य प्रक्रियाहरु सम्पन्न गर्न बाँकी रहेको हुँदा निजलाई हिरासतमा राखी अनुसन्धान निरन्तर जारी राखी थप प्रमाण संकलन गर्न निजलाई हिरासतमा नराखी छाडी दिदां सवुत प्रमाणहरु लोप, नाश हुन जाने प्रवल सम्भावना रहेकोले पक्राउमा परेका देहायका प्रतिवादीलाई मिति......... गते देखि लागू हुने गरी ........पटक दिन ............. प्रहरी हिरासतमा राख्न संहिताको दफा १४ को उपदफा (३) बमोजिम म्याद थपको अनुमतिको लागि पक्राउ परी आएका व्यक्ति, दसीका सामान र सक्कल मिसिल कागजात यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिएको छ ।

**प्रतिवादीको नाम थर :............................................**

**बरामद दशीको विवरणः.......................**

संलग्न मिसिल कागजातहरु

(१) ..................

(२) ................. .........................



नेपाल कानून आयोग

(३) ..................

(अनुसन्धान अधिकृत)

दर्जाः...................

नाम थरः .............

<u>**जिल्ला सरकारी वकील कार्यालय ... ... ... को राय**</u>

